नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

बारा, कलैया

फोन नं. : ०५३५५०१३३
फ्याक्स नं. : ५५००००
इमेल नं . : daobara33700@gmail.com

पत्र संख्या:-०७८/७९
च .नं.:- 3660

मिति:- २०७८/०५/२७

विषय:- डिजे साउण्ड प्रतिवन्ध सम्बन्धमा ।

श्री स्थानीय तह सबै, बारा

श्री जिल्ला प्रहरी कार्यालय, बारा

श्री सशस्त्र प्रहरी बल नेपाल नं. १२ गण, बारा

बारा जिल्लाका प्र.जि.अ. बाट डिजे साउण्ड सिस्टम बारा जिल्ला भित्रका कुनै पनि स्थानमा सञ्चालन गर्ने निषेध गरिएको आदेशको एक प्रति सूचना यसै साथ संलग्न छ । त्यस्ता साउण्ड सिस्टमहरु मिति २०७८।०६।०१ गते अगावै जिल्ला बाहिर व्यवस्थापन गर्न लगाई मिति २०७८।०६ ।०१ देखी नियन्त्रणमा लिई प्रचलित कानून बमोजिम कारबाही गर्नु हुन आदेशानुसार अनुरोध गर्दछु ।

बोधार्थ :

श्री पत्रकार महासंघ जिल्ला शाखा, बारा - ( प्रचार प्रसारको व्यवस्था गरी सहयोग हुन । )

श्री उधोग वाणिज्य संघ, बारा - (प्रचार प्रसार, समन्वय र सहयोग हुन )

प्रशासकीय अधिकृत

फोन नं. : ०५३५५०१३३
फ्याक्स नं. : ५५००००
इमेल नं . : daobara33700@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

बारा, कलैया

पत्र संख्याः-०७८/७९
च .नं.:-

मितिः- २०७८/०५/२७

**बारा जिल्लाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलबाट जारी भएको आदेश ।**

यस जिल्लाका विभिन्न भागमा हुने धार्मिक, सामाजिक, राजनीतिक लगायतका कार्यक्रमहरुमा डिजे साउण्ड सिस्टम प्रयोग गरी चर्को स्वरमा संचालन गरिदा ध्वनी प्रदुषण, विधार्थीहरुको अध्यनमा समस्या, स्वास्थ्य समस्या, शान्ति सुरक्षा र सामाजिक सदभावमा प्रतिकुल प्रभाव पारी विभिन्न दुर्घटनाहरु समेत भएको तथ्यलाई दृष्टिगत गरी जिल्ला सुरक्षा समितिको बैठकबाट बारा जिल्ला भित्र डिजे साउण्ड सिस्टम प्रयोगमा प्रतिबन्ध लागउन सिफारीस समेत गरेकोले जिल्ला भित्र डिजे साउड सिस्टम राख्दा शान्ति सुरक्षा भंग हुने , समुदायलाई बाधा विरोध र जनस्वास्थ्यलाई खराब असर पर्ने भएकोले मिति २०७७।०६।०१ गते देखी अर्को सूचना नभए सम्मको लागी जिल्लाका कुनै पनि स्थानमा डिजे साउण्ड सिस्टमका कुनै पनि स्पीकर संचालन गर्न नपाउने गरी स्थानीय प्रशासन ऐन २०२८ बमोजीम यो आदेश जारी गरीएको छ । यो आदेशको वर्खिलाप भए गरिएको पाईएमा सो सिस्टम जफत गरी प्रचलित कानून बमाजिम कारबाही गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी